# बैंक अफ काठमाण्डू लिमिटेडको चौबीसौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस बैंकको मिति २०७५ साल पौष २० गते बसेको संचालक समितिको १०१ औं बैठकको निर्णय अनुसार यस बैंकको चौबीसौं बार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ । साधारणसभा सम्बन्धी सम्पूर्ण विवरणहरु शेयरधनी महानुभावहरुलाई यथासमयमा नै पठाईने ब्यहोरा अवगत गराउदै सभामा उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

१. **मिति, समय तथा स्थान:**

मिति : २०७५ साल माघ १७ गते बिहीबार (तदनुसार सन् २०१९ जनवरी ३१ तारिख)
समय : विहान १०:०० वजे ।
स्थान : एलिस रिसेप्सनस्, गैह्रीधारा, काठमाडौं ।

२. **छलफलका विषयहरु:**

क) **सामान्य प्रस्ताव :**

१.अध्यक्षज्यूको मन्तब्य तथा संचालक समितिको प्रतिवेदन २०७४/७५ छलफल गरी पारित गर्ने ।
२.लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४/७५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व.२०७४/७५ को नाफा-नोक्सान हिसाव तथा नगद-प्रवाह विवरण स्वीकृत गर्ने ।
३.यस बैंकको सहायक कम्पनी "काठमाण्डौ क्यापिटल मार्केट लि." को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।
४.संचालक समितिले प्रस्ताव गरे अनुरुप बैंकको चुक्ता पूँजीको ११ प्रतिशतका दरले नगद लाभांश (लाभांशमा लाग्ने कर समेत) स्वीकृत गर्ने ।
५.लेखापरीक्षण समितिको सिफारिस अनुरुप बैंकको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने । (वर्तमान लेखापरीक्षक श्री एस.आर पाण्डे एण्ड कम्पनी पुन: नियुक्त हुन योग्य हुनुहुन्छ ।)

ख) **विशेष प्रस्ताव :**

१. संचालक समितिले प्रस्ताव गरे अनुरुप लाभांस वापत बैंकको चुक्ता पूँजीको १४ प्रतिशतका दरले बोनस शेयर स्वीकृत गर्ने । उक्त बोनस शेयर जारी गर्दा हुन आउने खण्डित (Fraction) शेयरलाई पहिलेको खण्डित शेयरसंग समायोजन गरी बाँकी हुन आउने खण्डित शेयर पछि समायोजन गर्ने गरी यथावत राख्ने ।
२. प्रस्तावित बोनस शेयर जारी भएपश्चात् बैंकको पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम बैंकको प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) संशोधन गर्ने ।
३. बैंकले सहायक कम्पनी मार्फत धितोपत्र व्यवसायी (शेयर ब्रोकर) सम्बन्धी कार्य गर्न सक्नेछ । र, सोही बमोजिम बैंकको प्रबन्धपत्रको दफा ४ (ह) (१९) थप संशोधन गर्ने ।
४. विशेष प्रस्तावहरुको संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमन निकायहरुबाट कुनै थपघट वा संशोधन गर्न निर्देशन भएमा आवश्यक सशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने निर्णय गरी सभाबाट पारित गर्ने ।

ग) **विविध :**

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

## साधारणसभा सम्बन्धी सामान्य जानकारी

१. सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले प्रवेश पत्रका साथै शेयर प्रमाण पत्र वा शेयर अभौतिकरण गरिसकेका शेयरधनीहरुको हकमा हितग्राही (DMAT Account) परिचय नम्बर (BOID Statement) र आफ्नो परिचय खुल्ने (जस्तै नागरिकताको प्रमाण पत्र वा अन्य कुनै परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन । शान्ति सुरक्षालाई दृष्टिगत गरी साथमा झोला र अन्य त्यस्ता बस्तुहरु नलिई आउनुहुन अनुरोध गरिन्छ । बैंकको वार्षिक साधारणसभाको सूचना, सञ्चालक समितिको प्रतिवेदन, आर्थिक विवरण सम्पूर्ण शेयरधनी महानुभावहरुलाई यथासमयमा पठाइनेछ । कारणवस कसैलाई उक्त प्रतिवेदनहरु प्राप्त हुन नसकेमा बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंबाट शेयरधनीको प्रमाण प्रस्तुत गरी प्राप्त गर्न सक्नु हनेछ ।

२. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैंकको शेयरधनी हुन आवश्यक छ ।

३. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा प्रोक्सी दिईसकेको भएतापनि स्वतः बदर हुनेछ । प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी यो प्रतिनिधि पत्रलाई (प्रोक्सी) मान्यता दिइयोस भनी छुट्टै पत्र समेत लेखी पठाउनु भएको रहेछ भने अरु सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर भई सोही पत्र साथ आएको प्रतिनिधि पत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । सोको लिखित सूचना सोही अवधि भित्र बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौमा दर्ता गरिसक्नु पर्नेछ । सो नगरी एक शेयरधनीले एक भन्दा बढी प्रोक्सी नियुक्त गरी त्यस्ता प्रतिनिधि पत्र (प्रोक्सी) समयमैं बैंकमा प्राप्त भएतापनि सबै बदर हुनेछ ।

४. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

५. संयुक्त रुपमा शेयर खरीद गरेको अवस्थामा लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्बसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन् ।

६. शेयरधनी महानुभावहरुको जानकारीका लागि बैंकको संक्षिप्त आर्थिक विवरण यसै सूचनासंग प्रकाशित गरिएको छ । संक्षिप्त आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु बैंकको website:www.bok.com.np मा पनि हेर्न सकिनेछ ।

७. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका विहान ९.०० वजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।

८. शेयर प्रमाणपत्र प्राप्त गरी नसकेका शेयरधनीहरुले बैंकको शेयर रजिष्ट्रार श्री नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड नारायणचौर नक्साल, काठमाडौं स्थित कार्यालयबाट शेयर प्रमाणपत्र लिन हुन अनुरोध छ ।

९. बैंकको शेयर कारोवार मिति २०७५.०९.३० गते देखि मिति २०७५.१०.१७ गते सम्म बन्द रहेने भएकाले साधारणसभा तथा लाभांश प्रयोजनको लागि उक्त मितिसम्ममा नियमानुसार कारोवार भई शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन पाईने छ ।

१०. अन्य जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्नु हुन अनुरोध छ ।